प्रदेश सरकार
# संस्कृति तथा पर्यटन मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

पत्र संख्याः २०७८/०७९
चलानी नं. ०१

मिति : २०७८/०८/२७

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री उपत्यका पर्यटन कार्यालय, ललितपुर
बागमती प्रदेश, ।

प्रस्तुत विषयमा प्रदेश आर्थिक ऐन, २०७८ को दफा १७ को उपदफा (१) को "प्रचलित कानून बमोजिम बागमती प्रदेशभित्र दर्ता भई सञ्चालनमा रहेका ट्राभल, ट्रेकिङ्ग, जलयात्रा, पर्यटक यातायात लगायतका पर्यटन व्यवसाय तथा एजेन्सीहरुले कोभिड-१९ तथा अन्य विविध कारणले इजाजत पत्र नवीकरण गराउन नसकेको भए इजाजत पत्र प्राप्त व्यक्तिले संवत् २०७८ साल फागुन मसान्तसम्म त्यस्तो इजाजत पत्र नवीकरण गराउन निवेदन दिएमा तोकिए बमोजिम लाग्ने नवीकरण शुल्क र शत प्रतिशत थप दस्तुर लिई एक पटकको लागि नवीकरण गरिनेछ ।" भन्ने व्यवस्था गरेकोमा अविछिन्न वा निरन्तर बैंक ग्यारेण्टी सम्बन्धमा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश (माननीय मन्त्रीस्तर)बाट मिति २०७८/०८/२१ मा प्रक्रिया सरलीकरणको लागि देहाय बमोजिम निर्णय भएकोले कार्यान्वयनको लागि आदेशानुसार अनुरोध छ । साथै आर्थिक मामिला तथा योजना मन्त्रालयको पत्र यसैसाथ संलग्न छ ।

<u>देहाय</u>

**"नवीकरण गर्न अविछिन्न वा निरन्तर बैंक ग्यारेण्टी आवश्यक छैन तर नवीकरण गर्दाको बखत आगामी पाँच वर्षको लागि बैंक ग्यारेण्टी पेश गर्न लगाई ।"**

२०७८-०८-२८

..........................
हेमकुमार पाठक
अधिकृतस्तर छैठौं



फोन नं. ०५७-५२०२८६, ०५७-५९०१८६, ईमेलः tdpbagamati@gmail.com वेबसाईटः www.tdp.p3.gov.np

प्रदेश सरकार
उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

पत्र संख्याः
चलानी नं. ०३|७८-०६५

मिति : २०७८/०८/२७

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनलाय, हेटौंडा
श्री घरेलु तथा साना उद्योग कार्यालयहरु, १३ वटै ।
बागमती प्रदेश, ।

प्रस्तुत विषयमा प्रदेश आर्थिक ऐन, २०७८ को दफा १६ को उपदफा (१) को "नेपाल सरकार तथा प्रदेश सरकारको प्रचलित कानून बमोजिम बागमती प्रदेशभित्र दर्ता भएका व्यापारिक फर्महरु तथा साझेदारी उद्योगहरुको नवीकरण म्याद समाप्त भइसकेको पाँच वर्ष वा सो भन्दा बढि भएका र हाल सञ्चालनमा नरहेको भनी सम्बन्धित उद्योगी/व्यवसायीहरुले स्वघोषणा गरी संवत् २०७८ साल फागुन मसान्त भित्र नवीकरण गर्न आएमा त्यस्ता फर्म/उद्योगहरुको हकमा तोकिएको जरिबाना छुट दिई नवीकरण शुल्क मात्र लिई नवीकरण गरिनेछ ।" भन्ने व्यवस्थामा साझेदारी फर्मको नवीकरण सम्बन्धमा कार्यान्वयन गर्न देखिएको बाधा अड्काउ फुकुवा गर्न आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश (माननीय मन्त्रीस्तर)बाट मिति २०७८/०८/२१ मा प्रक्रिया सरलीकरणको लागि देहाय बमोजिम निर्णय भएकोले कार्यान्वयनको लागि आदेशानुसार अनुरोध छ । आर्थिक मामिला तथा योजना मन्त्रालयको पत्र यसैसाथ संलग्न छ ।

देहाय

**"साझेदारी फर्म/उद्योगको हकमा नवीकरण म्याद समाप्त भएको मितिले एक वर्ष पश्चात समेत नविकरण गर्न सकिनेछ ।"**

७८-०८-२६

..................
हेमकुमार पाठक
अधिकृतस्तर छैठौं

प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

## बागमती प्रदेश

(राजस्व व्यवस्थापन शाखा) हेटौंडा मकवानपुर, नेपाल

प.सं. ०५/०७८/७९, च. नं 892

मितिः २०७८/०८/२४

विषयः प्रक्रिया सरलीकरण तथा बाधा अड्काउ फुकुवा सम्बन्धमा ।

श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
हेटौंडा
बागमती प्रदेश

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
बागमती प्रदेश, हेटौंडा
दर्ता नं.: 06
मिति: 2078/08/26

प्रस्तुत विषयमा तहाँ मन्त्रालयको चं नं ३७४ (उद्योग) मिति २०७८।०८।०८ को पत्रको सन्दर्भमा लेखिदैछ ।

प्रदेश आर्थिक ऐन, २०७८ को दफा १६ प्रादेशिक व्यापार तथा व्यवसाय शुल्क छुट सम्बन्धी विशेष व्यवस्था बमोजिम उपदफा १ मा "नेपाल सरकार तथा प्रदेश सरकारको प्रचलित कानून बमोजिम बागमती प्रदेशभित्र दर्ता भएका व्यापारिक फर्महरु तथा साझेदारी उद्योगहरुको नवीकरण म्याद समाप्त भइसकेको पाँच वर्ष वा सो भन्दा बढि भएका र हाल सञ्चालनमा नरहेको भनी सम्बन्धित उद्योगी/व्यवसायीहरुले स्वघोषणा गरी संवत् २०७८ साल फागुन मसान्त भित्र नवीकरण गर्न आएमा त्यस्ता फर्म/उद्योगहरुको हकमा तोकिएको जरिबाना छुट दिई नवीकरण शुल्क मात्र लिई नवीकरण गरिनेछ ।" भन्ने ब्यवस्था गरेको छ । प्रदेश आर्थिक ऐन, २०७८ को दफा १६ मा साझेदारी फर्मको नविकरण सम्वन्धमा कार्यान्यवन देखिएको बाधा अड्काउ फुकुवा गर्न "साझेदारी फर्म/उद्योगको हकमा नवीकरण म्याद समाप्त भएको मितिले एक बर्ष पश्चात समेत नवीकरण गर्न सकिनेछ ।" भनी प्रदेश आर्थिक ऐनं, २०७८ को दफा १३ बमोजिम प्रक्रिया सरलीकरण गरिएको हुदाँ सोही अनुसार कार्यान्यवन गर्न गराउनु हुन भनी तहाँ मन्त्रालयलाई निर्देशन गर्न मिति २०७८।०८।२१ मा (माननीय मन्त्रीस्तर) निर्णय भएको ब्यहोरा अनुरोध छ ।

2078/08/24
विनोद बिडारी
अधिकृत आठौं

फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, Email: moeap3@gmail.com,
URL: moeap.bagamati.gov.np

प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
## बागमती प्रदेश
(राजस्व व्यवस्थापन शाखा)
हेटौंडा मकवानपुर, नेपाल

प.सं. ०५/०७८/७९, च. नं. ४९३

मितिः २०७८/०८/२४

**विषयः प्रक्रिया सरलीकरण तथा वाधा अड्काउ फुकुवा सम्बन्धमा ।**

संस्कृति तथा पर्यटन मन्त्रालय
बागमती प्रदेश, हेटौंडा
दर्ता नं.: ०४
मिति: २०७८/०८/२६

श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
हेटौडा
बागमती प्रदेश

प्रस्तुत विषयमा तहाँ मन्त्रालयको चं नं ३७४ (उद्योग) मिति २०७८।०८।०८ को पत्रको सन्दर्भमा लेखिदैछ ।

प्रदेश आर्थिक ऐन, २०७८ को दफा १७ पर्यटन शुल्क छुट सम्बन्धी विशेष व्यवस्थामा उपदफा १ मा " प्रचलित कानून बमोजिम बागमती प्रदेशभित्र दर्ता भई सञ्चालनमा रहेका ट्राभल, ट्रेकिङ्ग, जलयात्रा, पर्यटक यातायात लगायतका पर्यटन व्यवसाय तथा एजेन्सीहरुले कोभिड-१९ तथा अन्य विविध कारणले इजाजत पत्र नवीकरण गराउन नसकेको भए इजाजत पत्र प्राप्त व्यक्तिले संवत् २०७८ साल फागुन मसान्तसम्म त्यस्तो इजाजत पत्र नवीकरण गराउन निवेदन दिएमा तोकिए बमोजिम लाग्ने नवीकरण शुल्क र शत प्रतिशत थप दस्तुर लिई एक पटकको लागि नवीकरण गरिनेछ ।" भन्ने ब्यवस्था गरेको छ । प्रदेश आर्थिक ऐन, २०७८ को दफा १७ मा अविछिन्न वा निरन्तर बैंक ग्यारेण्टी सम्वन्धमा कार्यान्यवन देखिएकोमा बाधा अड्काउ फुकुवा गर्न " नवीकरण गर्न अविछिन्न वा निरन्तर बैंक ग्यारेण्टी आवश्यक छैन तर नविकरण गर्दाको बखत आगामी पाँच बर्षको लागि बैंक ग्यारेन्टी पेश गर्न लगाई ।" भनी प्रदेश आर्थिक ऐन, २०७८ को दफा १३ बमोजिम प्रक्रिया सरलीकरण गरिएको हुदाँ सोही अनुसार कार्यान्यवन गर्नु गराउनु हुन भनी तहाँ मन्त्रालयलाई निर्देशन गर्न मिति २०७८।०८।२१ मा (माननीय मन्त्रीस्तर) निर्णय भएको ब्यहोरा अनुरोध छ ।

श्री पर्यटन
२०७८/८/२६

२०७८/०८/२४
विनोद बिडारी
अधिकृत आठौं